"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

# बागचौर नगरपालिकाको एघारौं नगर सभामा श्रीमान नगर प्रमुख जनकराज गौतमज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०।०८१ को
# नीति तथा कार्यक्रम

बागचौर नगरपालिका, सल्यान

कर्णाली प्रदेश, नेपाल

२०८०, असाढ १०

**नगरसभाका सदस्यज्यूहरु,**

बागचौर नगरपालिकाको सम्मानित यस ११ औं नगरसभा समक्ष नगर प्रमुखको हैषियतले आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरेको छु । बागचौर नगरपालिकालाई सवल र समृद्ध नगरको रुपमा स्थापित गर्न, नगरवासीलाई छिटो छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्नका लागि हामी निर्वाचित भएदेखि अथक पर्यत्न र प्रयासलाई जारी राखेका छौं । जसले यस नगरपालिकाको समृद्धिको आधार खडा गर्ने विश्वास हामीले लिएका छौं । बागचौर नगरपालिकाको समग्र विकास, आत्मनिर्भर, समाजवाद उन्मुख, सुन्दर र नमूना नगरपालिका बनाउने लक्ष्यतर्फ यो नीति तथा कार्यक्रमले दिशाबोध गर्ने बिश्वास लिएको छु ।

११ औं नगरसभाको यस महत्वपूर्ण अवसरमा सर्वप्रथम मुलुकमा संघीय लोकतन्त्रात्मक शासन व्यवस्था स्थापना तथा नागरिकका हक र अधिकारको प्राप्ति तथा समाजको आमूल परिवर्तनका लागि विभिन्न कालखण्ड तथा शसस्त्र संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने बीर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते अपाङ्ग, बेपत्ता लगायतका सबै योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । कोरोना संक्रमणबाट ज्यान गुमाउने सबै नगरबासी प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै जोखिमयुक्त समयमा आम नगरबासीलाई सुरक्षित राख्नका लागि पहिलो पंक्तिमा रहेर अहोरात्र खट्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवकका साथै यो महामारीको अबस्थामा सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, संघसंस्था, व्यक्ती सबैप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

नगरबासीको अधिकारमुखी समावेशी विकास र सम्मानित जीवनयापनको प्रत्याभूती दिनु हाम्रो पहिलो कर्तव्य हो । यस कुराको जग स्थापित गर्नुहुने निवर्तमान जनप्रतिनिधि तथा स्थानीय सरकारलाई यस अवसरमा स्मरण गर्दै उहाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । विगतमा भए गरेका कामहरुको जगमा टेकेर हामी निर्वाचित भए देखि नै बागचौर नगरपालिकाको समष्टिगत विकास र हितलाई दृष्टिगत गरी हामीले काम गरिरहेका छौं । निर्वाचनमा हामीले गरेका प्रतिवद्धताहरु पूरा गर्न हामी हरदम प्रयासरत छौं । हरेक नगरबासीका समस्यालाई आफ्नै समस्याका रुपमा लिदै त्येसको समाधानमा सधै उद्देलित रहेका छौं । जसका कारण स्थानीय सरकार जनताको घरदैलोको सरकार भन्ने मान्यता स्थापित भएको छ ।

मुलुक संघीय संरचनामा प्रवेश गरी तीन तहको सरकार निर्माण भएको र अधिकार सम्पन्न स्थानीय सरकारमा हामी निर्वाचित भइ कार्य थालनी गरेको पहिलो वर्ष हाम्रा लागि सिकाईको नौलो अभ्यासको बर्ष रह्यो । विगतका कार्य अनुभवहरुबाट सिक्दै हामी हाम्रो कार्यकालको दोश्रो बर्षमा प्रवेश गरेका छौं ।

नगरवासीको हितमा इमान्दारीतापूर्वक जिम्मेवार र जवाफदेही हुँदै हामीले काम गर्दै आएको कुरा सर्वविदितै छ । अझ **"सबल स्थानीय सरकार, समृद्द बागचौर नगर"** भन्ने नाराका साथ नगरको दिर्घकालिन र

दिगो विकासका लागि यस बर्षदेखि हामीले ५ बर्षे आबधिक योजना तथा आगामी आ.ब.मा मध्येकालिन खर्च संरचना निर्माण गरी त्यसैका आधारमा योजनाहरु निर्माण र कार्यान्वयनको थालनी गर्ने प्रयास गरेका छौं । जसबाट नतिजामुखी विकासको प्रत्यक्ष प्रतिफल नगरबासीले प्राप्त गर्नुहुनेछ । जसका लागि विगतमा झै नगरबासीको सहयोगको अपेक्षा हामीले गरेका छौं ।

**आदरणीय नगरसभाका सदस्य ज्यूहरु,**

चालु आर्थिक वर्षमा हामीले सम्पन्न गरेका कामहरु र त्यसबाट प्राप्त सफलता र सिकाईका आधारमा आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं । अब म संक्षेपमा विगत एक वर्षमा गरेका उपलब्धीहरुलाई उल्लेख गर्न चाहन्छु ।

१. बागचौर नगरपालिकाको आफ्नै नवनिर्मित भवनमा कार्यालय स्थानान्तरण गरी सेवा प्रवाहको थालनी गरिएको छ । साथै प्रशासनीक भवनको तला थप गर्न बोलपत्र सम्झौता समेत सम्पन्न गरिएको छ ।

२. योजना कार्यान्वयनलाई थप प्रभावकारी वनाउन तथा घरदैलोको सरकार भन्ने तथ्यलाई स्थापित गर्न वडा वडामा गई एकीकृत रुपमा योजना सम्झौता गर्ने कार्यको थालनी गरिएको छ ।

३. वडा वडा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यको थालनी गरिएको छ । जसबाट सेवाग्राहीहरुको लामो दुरीको यात्रा गरि घण्टौ सम्म बैकमा लाइन बस्नु पर्ने बाध्यताको अन्त्य भएको छ ।

४. सेवाग्राहीको सहजताका लागि कार्यालयमा नागरिक सहायता कक्षको निर्माण गरिएको छ ।

५. मातृ तथा शिशु मृत्युदर न्युन गर्न गर्भवती महिलाहरुको लागि निशुल्क एम्बुलेन्स सेवा संचालन गरिएको छ ।

६. बागचौर नगरवासीहरुको सर्वोत्तम हितलाई मध्यनजर गर्दै विशेषज्ञ डाक्टर सहितको एकिकृत अपाङ्गता पहिचान शिविर, आँखा तथा कान शिविर, मोतियाविन्दुको निशुल्क शल्यक्रिया शिविर, जेष्ठनागरिकहरुका लागि स्वास्थ्य शिविर लगाएत थुप्रै स्वास्थ्य शिविर संचालन गरीएको छ ।

७. बागचौर नगरपालिकाको आफ्नै सभाहलको निर्माण कार्य प्रारम्भ गरिएको छ ।

८. बागचौर नगरापालिका वडा नं २,३,८,९,६,११ र १२ का नागरिकहरुको आवागमनलाई सहज तथा सुरक्षित बनाउनका लागि अस्थायी प्रकृतिका पुलहरुको निर्माण गरिएको छ ।

९. बागचौर नगरपालिकाको धेरै भुभाग जोड्ने गौरवको आयोजनाको रुपमा रहेको खरिबोट टाट्के बाँफुखोला सडक स्तरोन्नती तथा कालोपत्रे, बागचौर पिपलबोट देखि नगरपालिका जोड्ने सडक कालोपत्रे,

भ्युटावर तथा  नगरपालिकामा क्यान्टिन निर्माणको कार्य संघिय सरकारको समन्वयमा थालनी गरिएको छ ।

१०. सम्पुर्ण नगरबासीहरुको स्वच्छ पिउने पानीको हकलाई प्रत्याभुती गर्न विभीन्न दातृ निकायसंग सम्झौता गरि खानेपानी संचरना निर्माणको कार्य अगाडी बढाइएको छ । अग्ला टाकुरा खानेपानी आयोजनाको निर्माण कार्यको थालनी गरिएको छ ।

११. विभिन्न सिपमुलक तथा उत्पादनमुलक कार्यक्रमहरु संचालन गरिएको छ ।

१२. आधारभूत अस्पताल निर्माणको लागि थारमारेमा जग्गा प्राप्ति भइ डि पि आर निर्माण गरी आधारभूत अस्पताल निर्माण कार्यको सरुवात गरिएको छ ।

१३. नगरमा गौरवका आयोजना निर्माण गर्न प्रत्येक वडामा कम्तिमा एक एक वटा आयोजनाको डि पि आर तयारीको कार्य अन्तिम चरणमा पुगेको छ ।

१४. बागचौर नगरपालिकाको समग्र पूर्वाधार विकास लाई तिव्रता दिन नगरपालिकाले स्काभेटर, रोलर, टिप्पर लगायतका मेसिनेरी औजारहरु खरिद कार्य सम्पन्न गरेको छ ।

१५. हालसम्म वडा कार्यालय निर्माण नभएका वडा नं. २, ५, ७, ९ र १० को भवन निर्माणका लागि ठेक्का भई निर्माण प्रकिया अगाडि बढेको छ ।

१६. विभिन्न लक्षित समुहलाई मध्येनजर गरी खुकुरी निर्माण, स्थानीय कच्चा पदार्थमा आधारित सामाग्रीहरुको निर्माण, मादल निर्माण लगायतका थुप्रै सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१७. बागचौर नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र थारमारे बजार लाइ व्यवस्थित गर्न बजार क्षेत्रमा कालो पत्रे नाली निर्माण गरी  अव्यवस्थित अस्थायी संरचना हटाइएको छ ।

१८. आँखा तथा कान उपचार केन्द्र खरिबोटमा चस्मा सेवा सूचारु गरिएको छ ।

१९. पर्यटन प्रवर्द्धन र आवागमनको सहजताका लागि लामा झोलुङ्गे पुलहरुको निर्माण गर्ने योजनाहरु अगाडी बढाइएको छ ।

२०. नगरपालिकाका हरेक गतिविधिलाई पारदर्शी बनाउन सबै गतिविधिहरुलाई आधिकारिक वेबसाइट, फेसबुक पेज र डिजिटल बोर्ड मार्फत सार्वजनिक गर्ने कार्यको थालनी गरिएको छ ।

२१. बजार सरसफाई कार्यक्रम संचालन गरी फोहोरमैला व्यवस्थापनमा टेवा पुगेको छ ।

२२. न्याय सम्पादनलाई सहज बनाउन न्यायीक समितिका पदाधिकारीहरु तथा मेलमिलापकर्ताहरुलाई क्षमता अभिबृद्दी तालिम सम्पन्न गरिएको छ ।

२३. सबै वडाहरुमा विद्युत विस्तार गरी नगर उज्ज्यालो कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२४. १२ वटै वडामा खाद्य सुरक्षा तथा पोषण कार्यक्रम संचालन गरिएको छ ।

२५. राष्टका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ खेलकुद विकास गर्न राष्ट्रपति रनिङ्गशिल्ड तथा मेयरकप खेलकुद प्रतियोगिता सम्पन्न गरिएको छ ।

२६. गर्भवती महिलाको नियमित गर्भ जाँचका लागि १२ वटै वडामा ग्रामिण अल्ट्रासाउन्ड सेवा सुचारु गरिएको छ ।

२७. विद्यालयहरुलाई निश्चित क्लस्टरमा विभाजन गरि विषय विज्ञ शिक्षकद्वारा नमुना कक्षा संचालनको सुरुवात गरिएको छ ।

२८. पैदल आवागमनलाई सहज बनाउन गोरेटो, घोरेटो तथा मसानघाट जाने बाटोहरू निर्माण गरिएका छन ।

**नगरसभा सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक बर्ष २०८०।०८१ मा कार्यान्वयन गरिने बिषयगत क्षेत्रका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आर्थिक विकासः**

**कृषीः**

१. भू-उपयोग नीति निर्माण गरी जग्गाको बर्गिकरणलाई थप व्यवस्थित गर्दै कृषी उत्पादनको पकेट क्षेत्र निर्धारण गरिनेछ ।

२. उन्नत विउ विजन उत्पादनका लागि विउ विजन उत्पादन केन्द्रको स्थापना गरिनेछ । रैथाने तथा उन्नत वीउ विजन, स्थानीय पशुपंक्षीको संरक्षण गर्दै वीउ उत्पादन गर्ने कृषि समुह तथा सहकारीलाई ५०% अनुदान प्रदान गरिने छ ।

३. सम्बन्धित वडाको सिफारीसमा **“बाझो खेतबारी, पोषिलो करेसाबारी”** नीतिलाई प्रयोगमा ल्याउन ब्यवसायि, उद्यमी तथा किसानहरुलाई प्रोत्सहान रकमको ब्यवस्था गरिनेछ ।

४. नगर क्षेत्रका विभिन्न क्षेत्रको माटो परिक्षण गरी माटो अनुकूल खेतीप्रणालीलाई विविधिकरण गरी कृषी उत्पादनको बृद्धि गरिनेछ ।

५. कृषी उत्पादनको उचित भण्डारण र व्यवस्थापन गर्न संघ, प्रदेश र निजी क्षेत्रको सहकार्यमा चिस्यान केन्द्रको स्थापना गरिनेछ ।

६. बालीमा देखापर्ने रोग किराको प्रकोप नियन्त्रण तथा व्यवस्थापन गर्न बाली संरक्षण सेवालाई निरन्तरता दिइने छ । जसका लागि कृषकहरुलाई रासायनिक जैविक लगायतका विषादिको नि:शुल्क वितरण गरिनेछ ।

७. एक वडा–एक कृषी तथा पशु सेवा प्राबिधिकको व्यवस्था गरी किसानहरुलाई प्राबिधिक सहयोग प्रदान गर्ने अभियान संचालन गरिनेछ ।

८. कृषीमा आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्न किसानहरुलाई ५०% अनुदानमा कृषि यन्त्र, औजार लगाएत प्राबिधिक सहयोग उपलब्ध गराइनेछ ।

९. कृषकको क्षमता अभिबृद्धि गर्न आबश्यकतामा आधारित प्राबिधिक तथा परामर्श सेवा प्रदान गरिनेछ ।

१०. उत्कृष्ट कृषि, पशुपालन व्यवसायी तथा उद्यमीहरुको “सम्मान कार्यक्रम” लाई निरन्तरता दिइनेछ ।

११. कृषि उत्पादन वृद्धि गरी खाद्य सुरक्षा गरिनेछ ।

१२. कृषि उपजको न्युनतम समर्थन मुल्य निर्धारण गरी सोहि अनुसार खरिद बिक्रिको ब्यवस्था मिलाउने र बिभिन्न स्थानहरुमा कृषि तथा पशु हाटबजारको ब्यवस्था गरिने छ ।

१३. कृषी उत्पादनलाई वृद्दी गर्न किसानहरुले रासायनिक तथा जैविक मल समयमै प्राप्त गर्न समन्वय र सहकार्य गरिनेछ ।

१४. बागचौर नगरपालिका वडा नं. ४, ११ र १२ लाई **आलु पकेट क्षेत्र** तथा बागचौर नगरपालिका वडा नं. ३, ८ र ९ लाई **सुन्तलाको पकेट क्षेत्र** घोषणा गरि बाई प्रोडक्ट उत्पादन गर्ने उद्योगको स्थापना तथा संचालनमा पहल गरिनेछ । साथै अन्य वडाहरुमा पनि सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्रहरु निर्धारण गरिनेछ ।

१५. रासयनिक मल तथा किटनाशक विषादिको प्रयोग विना नै गरिने प्राकृतिक खेतिलाई प्रबर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ । सरकारी कृषि फार्ममा नमुनाको रुपमा प्राकृतिक खेति शुरुवात गरिनेछ ।

१६. कृषि एंव पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गर्न उद्यमशिलता विकास गर्न **युवा नविनतम अनुदान कार्यक्रम** संचालन गरिनेछ ।

१७. कृषि उपजको सुरक्षित भण्डारणका लागि संघ र प्रदेश सरकारको सहकार्यमा शुन्य शक्ति भण्डार कार्यक्रमलाई अगाडी बढाइने छ ।

**<u>पशु सेवाः</u>**

१. नागरिकको स्वस्थ जीवनको ख्याल गर्दै सुरक्षित र सफा मासु उपभोगको लागि **बधशाला** घरको स्थापना तथा व्यवस्थापन गरिनेछ ।
२. पशु स्वास्थ्य सेवा प्रभावकारी बनाउन डिस्पेन्सरी सञ्चालन गरी सेवालाई निरन्तरता दिनुका साथै पशुहरुमा लाग्ने संक्रामक रोगहरुबिरुद्ध खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
३. 'पशुपंक्षीको नश्लसुधार:आम्दानी र रोजगारीको आधार' भन्ने अभियान अन्तर्गत नश्लसुधारका लागि कृतिम गर्भाधारण कार्यक्रमलाई निशुल्क र प्रभावकारी बनाइनेछ । साथै पशु उपचारका लागि आबश्यक औषधिहरु निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
४. कृषी तथा पशु विमालाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
५. पशु सेवा प्रसार तथा पशु स्वास्थ्य सेवालाई आगामी दिनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अझ थप प्रभाबकारी बनाउन तथा सेवा प्रबाहको पहुँचबाट टाढा भएका वडाहरुमा वडा छनौट गरि एकिकृत कृषि प्रसार सेवा केन्द्र तथा एक वडा एक पशु स्वास्थ्य प्राबिधिक जनशक्ति सहित बिस्तार गरिनेछ ।
६. नगर भित्रका उत्कृष्ट कृषक तथा फार्मलाई ब्याबसाय उन्मुख बनाउनको लागी उत्कृष्ट कृषकको रुपमा पुरस्कृत गरीनेछ ।
७. ब्याबसायिक फर्म, समुह तथा सहकारीहरुलाई पोषिला जातका घाँसका बिउँ तथा बेर्नाहरु बितरण गरि पशुपालन गर्न प्रेरित गरिनेछ ।
८. नगर भित्रका सम्पुर्ण पशुपंक्षी पालन ब्यबसायसँग आबद्द पाराभेट,एग्रोभेट तथा मासु पसल,डेरी पसल हरुलाई दर्ता पक्रियामा ल्याईनेछ । साथै निजहरुको बेला बेलामा अनुगमन तथा नियमन गरि सेवा प्रबाहलाई चुस्तदुस्त बनाउन अभिप्रेरित गरिनेछ ।

९. बागचौर नगरपालीका बाट बाहिर निर्यात हुने खसी बोका तथा अन्य पशुपंछीहरुको आबश्यक रेर्कड राखी उत्पादनमा आधारीत प्रोत्साहन अनुदान कार्यक्रमको लागि पशुपंछी सम्बन्धि सप्लार्यसको कारोबार गर्ने ब्यापारीहरु लाई आबश्यक कानुनी दायरमा ल्याई समितीको गठन तथा निर्माण गरिनेछ ।
१०. पशु उपचार तथा पशु स्वास्थ्य सेवाबाट बञ्चित तथा पहुचबाट टाढा रहेका बस्तीहरुमा निःशुल्क पशु स्वास्थ्य शिविरहरु संचालनमा ल्याइनेछ ।
११. व्यवसायीक पशुपालनका लागि भकारो सुधारका साथै पशुजन्य उत्पादनको सुरक्षित भण्डारण एवं गुणस्तर कायम गरी माछामासु, दही, दुध लगाएतका किसानका पशु उत्पादनलाई बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
१२. प्रबिधि हस्तान्तरण तथा शिप बिकासका लागी बिभिन्न शिप बिकास तालिमहरु एवं सचेतनाका कार्यक्रमहरु सन्चालन गरीनेछ ।
१३. एक स्वास्थ्य कार्यक्रमलाई प्रभाबकारी बनाउदै जुनोटिक रोग नियन्त्रण कार्यक्रमहरु सन्चालन गरीने छ ।
१४. कृषी तथा पशु व्यवसायीलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराइनेछ ।

**उपभोक्ता हित तथा खाद्य सुरक्षा**

१. खाद्य उत्पादन बृद्धि, सुरक्षित भण्डारण तथा सहज पहुँच बृद्धि गरी शुन्य भोकमरी अभियानलाई निरन्तरता दिइनेछ ।
२. उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न नियमित अनुगमन गरिने छ ।
३. नगरमा स्वच्छ ,प्रतिस्पर्धी र स्वस्थ बजार निमार्ण तथा प्रवर्द्धन गरिनेछ । कालोबजारी पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।
४. उपभोक्ता अधिकार तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
५. उपभोक्ताहरुको स्वस्थ्य हितलाई प्रवर्द्धन गर्न दैनिक उपभोगमा आउने खाद्य वस्तुको गुणस्तर परिक्षण गरिनेछ ।

**उद्योग व्यवसाय, रोजगारी तथा गरिवी निवारण**

१. मेयर युवा उद्यमशिलता र उपमेयर महिला उद्यमशिलतालाई कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ ।

२. यस नगरपालिकाभित्र संचालन र स्थापना हुने उद्योग तथा व्यवसायलाई दर्ता प्रक्रियाद्वारा करको दायरमा ल्याई नगरपालिकाको आर्थिक श्रोतमा बृद्धि गर्ने तर्फ जोड दिईने छ ।
३. बागचौर नगरपालिकामा औद्योगिक ग्रामको स्थापना गर्न आवश्यक जग्गाको व्यवस्थापन गरी संघ, प्रदेश सरकार र निजी तथा सहकारी क्षेत्रको सहकार्यमा औद्योगिक ग्रामको स्थापनाको कार्यलाई अगाडी बढाइने छ ।
४. स्थानीय स्तरमा उत्पादित बस्तुहरुको सहज बजारीकरणका लागि नगरपालिकामा कोशेली घरको निर्माण गरिने छ ।
५. नगरपालिकाभित्र स्थानीय कच्चा पदार्थमा आधारित रही संचालन हुने लघु तथा घरेलु उद्योगको स्थापना, विकास र प्रवर्द्धनमा प्राथमिकता दिईने छ ।
६. नयाँ उद्यमीको श्रृजना गरी बेरोजगारहरुलाई आत्मनिर्भर बनाउनुको साथै रोजगारीको संख्यामा वृद्धि गरिनेछ ।
७. बागचौर नगरपालिकामा बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमुलक बनाउन सुरक्षित गाँउ अभियान संचालन गरिने छ । जसका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
८. आप्रवासी कामदार र उनीहरुको परिवारका अधिकारको सुनिश्चित गर्ने नीति लिइने छ । जसका लागि विभिन्न साझेदार निकायहरुसँग समन्वय र सहकार्य गरिने छ ।
९. प्रधानमन्त्रि रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रममा गरिब तथा विपन्न वर्गहरलाई पहिलो स्थानमा राखी रोजगारीको अवसर प्रदान गरिनेछ ।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ठूला आयोजनासँग जोडी उपभोक्तामार्फत गरिने योजना कार्यक्रममा हेभी इक्विपमेण्टको प्रयोग नगरी श्रमिकद्वारा काम गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
११. जमीन बाँझो राख्ने परिपाटीको अन्त्य गर्दै उक्त जमीनमा आधुनिक कृषि एवं पशुपालन गर्न प्रोत्साहित गरी सो क्षेत्रबाट अधिक रोजगारी सृजना हुने वातावरण तयार गरिनेछ ।
१२. **श्रमको सम्मान, नगरको अभियान** भन्ने नाराका साथ मर्यादित रोजगारका अवसर सिर्जना गर्नमा जोड दिईनेछ ।
१३. **अबको जीवन गाउँमा नै बिताउला** भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यत्तिलाई उद्यमशिलता विकास गर्न र रोजगारमा आबद्ध गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**वित्तिय संस्था तथा सहकारी**

१. नगरपालिकाबाट हुने आर्थिक कारोबारलाई चुस्त दुरुस्त पार्दै क्यासलेस प्रणालीमा लगि बैंकिङ कारोवारलाई थप व्यवस्थित गरिनेछ ।
२. सहकारीहरुलाई प्रविधिमैत्री बनाउदै सहकारीमा वित्तिय सुशासन कायम गर्न डिजिटल सहकारीको नीतिलाई अवलम्बन गरिनेछ ।
३. नगरपालिका भित्र रहेका सरकारी, बैंक तथा वित्तिय संस्थाहरुसँग आवश्यक समन्वय गरी कृषी, पर्यटन, उद्योग तथा साना व्यवसायमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
४. सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भको रुपमा विकास गरिनेछ । वित्तीय पहुँच विस्तार, सामाजिक एवम् आर्थिक सशक्तिकरण र उत्पादनशील क्षेत्रमा सहकारी संघ संस्थालाई परिचालन गरिनेछ ।
५. सहकारी संघ संस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहन गरिनेछ । सहकारी संघ संस्थालाई कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन गरी मुल्यश्रृङखला विकास गर्न किसानहरुलाई सहकारीबाट सहुलियतपूर्ण कर्जा दिने व्यवस्था गरिने छ ।
६. सहकारी संस्थाहरुको मर्जरलाई प्रोत्साहन गरिनेछ साथै लामो समयदेखि कारेबार बन्द गरी निष्क्रिय रहेका एवं खराब अवस्था भएका सहकारी संस्थाहरुको खारेजी गरिनेछ ।
७. सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा व्यवस्थापन तालिम, कोपोमिस तालिम संचालन र सहकारी अनुगमन कार्यलाई नियमित रुपमा संचालन गरिनेछ ।

**<u>पर्यटन</u>**

१. पर्यटन प्रवर्द्धन गर्न बागचौर नगरपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान र विकास गरिनेछ ।
२. परम्परागत कला, संस्कृती र पर्यटनको संरक्षण र विकासलाई निरन्तरता दिइने छ ।
३. अग्ला टाकुरामा रहेको भ्यू टावर क्षेत्रमा पर्यटन संम्भाव्यताको अध्ययन गरि मौलिक रुपमा स्थानीय कला र संस्कृतिको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. स्थानीय पर्यटन प्रवर्द्धन सम्वन्धी ऐन, नियम र कार्यविधि निमार्ण गरि कार्यन्वयमा ल्याउने कार्यलाइ निरन्तरता दिइने छ ।

५. कृतिम जलासय निर्माण गर्न सकिने सम्भाव्य स्थानहरुको पहिचान गरि संघ तथा प्रदेश सरकारको समन्वयमा जलासय निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।
६. पर्यटन प्रवर्द्धनका लागि होमस्टे स्थापना तथा विकासको कार्यलाई प्राथमिकता दिइनेछ ।
७. सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न नगरपालिका भित्र विभिन्न सांस्कृतिक संरचना निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।

**सामाजिक विकास**

**शिक्षा, युवा तथा खेलकुद**

**शिक्षा**

१. विद्यार्थि संख्या न्यून रहेका विद्यालयहरु तथा विद्यार्थि संख्या धेरै भएका विद्यालयहरुमा कक्षा थप घटको कार्यलाई लागु गरिने छ । जहाँ विद्यार्थि त्यहाँ शिक्षक भन्ने नीति अनुरुप दरवन्दी मिलानको कार्यलाई अगाडी बढाइने छ ।
२. एक कक्षाकोठा एक शिक्षकको नीति अवलम्बन गरिने छ ।
३. नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा शिक्षक अभाव हुन नदिन नगर शिक्षक अनुदानलाई थप व्यवस्थित गरिने छ । जसका लागि दरवन्दी मिलान पश्चात नगरपालिका भित्र एकमुष्ट रुपमा नगर अनुदान कोटा निर्धारण गरी खुला प्रतिस्पर्धाका आधारमा शिक्षक छनौट गरी शिक्षक संख्या न्यून रहेका विद्यालयहरुमा नियुक्ति गरिने छ ।
४. बागचौर नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा प्रतिस्पर्धाबाट प्रधानाध्यापकको छनौट र नियुक्ती गर्ने व्यवस्था मिलाइने छ । सम्बन्धित तहको शिक्षकलाइ नै प्रधानाध्यापकको जिम्मेवारी दिने नीति अवलम्बन गरीनेछ । जसका लागि आबश्यक कानून तथा कार्यविधि निर्माण गरिने गरी लागु गरिने छ ।
५. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको अवसर सुनिश्चित गर्दै प्रारम्भिक बालशिक्षा संचालनमा प्राथमिकता दिइनेछ ।
६. बालविकास केन्द्रहरुमा सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
७. प्रारम्भिक बाल शिक्षालाई व्यवस्थित रुपमा संचालन गर्नका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री तथा कक्षाकोठा स्तरीकरण गरिने छ । प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको

सेवा सुविधामा संघीय सरकाबाट तोकिए बमोजिमको न्युनतम पारिश्रमिक व्यवस्थापनको कार्यलाई निरन्तरता दिइने छ ।

८. संघीय सरकारको समन्वयमा समयमै निशुल्क पाठ्यपुस्तक वितरणको व्यवस्था मिलाईने छ ।

९. स्थानिय आवश्यकतालाई सम्वोधन गर्न आधारभूत तहका लागि स्थानीय पाठ्ययक्रम कम्प्युटर शिक्षा तथा **हामी र हाम्रो बागचौर नगर सेरोफेरो** अनुसार पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।

१०. आधारभूत तहसम्म सञ्चालीत विद्यालयहरुमा इन्टरनेको ब्यवस्थापनका लागी थप अनुदानको ब्यवस्था गरिनेछ ।

११. बिद्यार्थीको उच्च सिकाई उपलब्धी हाँशिल गर्ने बिद्यालयहरुलाई थप अनुदानको व्यवस्था गरिनेछ ।

१२. बिद्यालय शिक्षाको गुणस्तर विकासको लागि अनुसन्धान, संरचनात्मक सुधार, व्यवस्थापन क्षमता विकास र शिक्षकको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३. बिद्यालयहरुको भौतिक पूर्वाधारहरु भवन, शौचालय, पुस्तकालय, प्रयोगशालाहरुको निर्माण, मर्मत सम्भार, विद्यालय घेरावार ,गुणस्तरीय रंग रोगन, बालमैत्री फर्निचर लगाएतका कार्यलाई निरन्तरता दिइनेछ ।

१४.बिद्यालयमा बिद्यार्थीको पहुँच तथा टिकाउ दर बढाउन कार्यक्रमहरु ल्याइने छन् । सामुदायिक विद्यालयबाट एस इ ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्रछात्रालाई प्रोत्साहन गर्ने नीतिलाई अबलम्वन गरिनेछ ।

१५. विद्यालय व्यवस्थापन समितिको क्षमता विस्तार गरिनुका साथै अभिभावकको विद्यालयमा नियमित उपस्थित वढाउन अभिभावक निगरानी समूह गठन गरिनेछ ।

१६. सामुदायिक अध्ययन केन्द्रको कार्य क्षमता विस्तार गरी निरन्तर शिक्षा तथा अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।

१७. विद्यालयको शैक्षिक सुधारका लागि अनुगमन तथा मूल्याङ्कको कार्यलाई थप प्रभावकारी बनाइने छ ।

१८. नगर स्तरीय आधारभूत तह उत्तिर्ण परीक्षा सञ्चालन र ब्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

१९. आधारभूत तथा माध्यामिक तहका शिक्षकहरुलाई विषयगत तथा प्रविधिमा आधारीत क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चलान गरिनेछन् ।

२०.. विद्यालयमा प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन, बाल पुस्तकालय तथा कक्षा पुस्तकालय सहित बालमैत्री पठनपाठनलाई जोड दिइने छ । रुम टु रिड लगाएत शिक्षा सम्वद्ध

गैरसरकारी संघ सस्थासंगको सहकार्यलाई निरन्तरता तथा विस्तार गर्दै वालमैत्री सिकाइलाई प्राथमिमकता दिइने छ ।

२१. शिक्षकको कार्यक्षमता मूल्याङकनका आधारमा उत्कृष्ट शिक्षकलाई मापडण्ड बनाइ प्रोत्साहन गरीने छ ।

२२. छात्राहरुलाई महिनावारी हुदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृतिलाई निरुत्साहित गर्न र छात्रा उपस्थिति दर बढाउन नगरपालिकाले निशुल्क सेनेटरी प्याड वितरण कार्यलाइ यस बर्ष पनि निरन्तरता दिइनेछ ।

२३. सामुदायिक विद्यालयमा एक बिद्यालय–एक स्वास्थ्यकर्मीको नीतिलाई क्रमश: लागु गरिनेछ ।

२४. **पढ्दै र कमाउदै"** राष्ट्रिय नीति अनुसार माध्यमिक तह संचलान भएका विद्यालयको संम्भाव्यता र विव्यसको सक्रीयताको आधारमा प्राविधिक विषय अध्ययण गर्ने विद्यालय छनौट गरी सम्बन्धित निकायमा सिफारीस गरी प्राविधिक कक्षा संचालन गर्न प्रोत्साहन गरीनेछ ।

२५. माध्यामिक तथा उच्च शिक्षा लिइरहेका दलित, विपन्न, फरक क्षमता भएका लगाएतका छात्रछात्रालाइ सरकारी सेवामा पहुँच अभिबृद्धि गर्न निःशुल्क लोकसेवा तयारी कक्षाको ब्यवस्था मिलाइनेछ ।

२६. बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई बालमैत्रि, अपांगमैत्री, लैङ्गिकमैत्री विद्यालयको रुपमा रुपान्तर गर्न पहल गरिनेछ ।

२७. शिक्षा परामर्ष समितिलाई आवश्यक सामग्रीको व्यवस्था गरी विद्यालयको सिप अभिबृद्दि गर्ने कार्यमा सहभागी गराउदै विद्यालयको अनुगमन, नमुना कक्षा प्रदर्षण तथा पृष्ठपोषण दिन आवश्यक कार्यक्रममा सक्रिय बनाइने छ ।

२८. सामुदायिक विद्यालहरुमा बालबालिकाको संख्या कमी भई विद्यालयको शैक्षिक गुणस्तर समेत घटि रहेको अवस्थालाई मध्यनजर गर्दै कलस्टर विद्यालय अवधारणा, एकिकृत विद्यालय अवधारण लाई ब्यापक छलफल अन्तरक्रिया गरि विद्यालयमा बालबालिका आउन जानका लागि नगर बस संचालन गर्ने स्थानको पहिचान गरिनेछ ।

२९. हालसम्म विद्यूत सेवा नपुगेका विद्यालयहरुमा विद्यूत विस्तारलाई प्राथमिकता दिइने छ ।

३०. नगरपालिका अन्तरगतका सामुदायीक विद्यालयहरुमा विद्यार्थीहरुकै सहभागीतामा एक विद्यालय एक मिनि पार्कको अवधारणा ल्याइनेछ ।

३१. शिक्षा क्षेत्रलाई प्रविधिसँग जोड्दै स्मार्ट विद्यालयको अवधारणामा डिजिटल एजुकेशन सिस्टम लागु गरिनेछ ।

३२. नगरपालिका अन्तरगतका सामुदायीक विद्यालयलाई रेडियो सञ्चारसँग विद्यार्थीलाई जोड्ने कार्यक्रम लागु गरिनेछ

## युवा तथा खेलकुद

१. नगरपालिका भित्र खेलकुदको विकास तथा खेलाडीहरुको प्रतिभा पहिचान गरी नियमित खेल प्रशिक्षण गर्न नगरपालिकामा खेल शिक्षकको व्यवस्था गरिने छ ।
२. नगरस्तीय आधुनिक खेल मैदान निर्माण कार्यलाई अगाडी बढाइने छ । एक वडा एक खेल मैदानको नीतिलाई क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।
३. स्वरोजगार कार्यक्रम मार्फत विदेश पलायन हुने युवाहरुलाई स्थानीयस्तरमै रोजगारका अवसर सिर्जना गरिनेछ ।
४. युवा उद्यमीहरुको संख्या बढाउन सिप विकास, व्यवसायमा प्रोत्साहन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. युवाको नेत्तृत्व विकासका लागि नमूना युवा संसद, युवा परिचालन जस्ता विभिन्न कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
६. युवा प्रतिभाको पहिचान र खोजी गरी दक्ष तथा सिपयुक्त युवाहरुलाई रोजगार सिर्जना गरिनेछ ।
७. युवाहरुलाई उद्यमशिलता तर्फ आकर्षित गर्न शिक्षामा युवा उद्यमशिलतालाई जोडिनेछ ।

## स्वास्थ्य तथा पोषण

१. सबै नगरवासीहरुको गुणस्तरिय स्वास्थ्य अवस्था कायम गर्न **"मेरो स्वास्थ्य मेरो पोषण"** अभियान कार्यक्रम संचालन गरिनेछ ।
२. संबिधानले निर्देश गरे अनुरुप आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच बृद्धिलाई निरन्तरता दिइनेछ । जसका लागि बागचौर नगरपालिकामा विशेषज्ञ डाक्टर सहितको १० सैयाको आधारभुत अस्पताल निर्माण कार्यको थालनी गरिनेछ ।
३. स्वास्थ्य संस्थामा रिक्त रहेका दरवन्दीहरुमा तत्काल आबश्यक जनशक्तिको ब्यवस्थापन गरिनेछ ।
४. स्वास्थ्य बीमा कार्यक्रमलाई पूर्ण रुपमा कार्यन्वयन गरि नागरिकहरुको स्वास्थ्य उपचारमा प्रभावकारिता ल्याइनेछ ।
५. स्वास्थ्य आमा समूहमा समता र पहुँच कार्यक्रम (साथ विधि) लागु गरिनेछ ।
६. १२ वटै वडाहरुका सुनौला हजार दिने आमाहरुलाई **"पोषिलो सर्वोत्तम पिठो वितरण"** गरिनेछ ।

७. मातृमृत्युदर, नवजात शिशु मृत्युदर, वालमृत्युदर घटाउनका लागी विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. गुणस्तरीय स्वास्थ्य सेवा बढाउनको लागि स्वास्थ्यकर्मिहरु तथा महिला स्वास्थ्य स्वंयमसेविकाहरु मार्फत **"मेडिक मोबाईल सेवा"** संचालनलाई निरन्तरता दिइनेछ ।

९. प्रा.स्वा.के.थारमारेमा सञ्चालन भएको ग्रामीण भिडियो एक्सरे सेवालाई थप प्रभावकारी बनाइनेछ । साथै आधुनिक ल्याव सेवा संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१०. सकारात्मक जीवनका लागि स्वास्थ्य र पोषण शिर्षकमा मोटीभेशनल प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

११. स्वास्थ्य संस्थाहरुमा आबश्यकताको अध्ययन गरि एक स्वास्थ्य संस्था एक गुणस्तरिय प्रयोगशाला (ल्याब) को नीतिलाई अगाडि बढाइनेछ ।

१२. ६० वर्ष उमेर पुगेका नागरिकहरुलाई निशुल्क स्वास्थ्य परिक्षणको लागि लाभग्राही परिचयपत्रको व्यवस्था गरिनेछ । ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुको लागि टोल वस्तीहरुमा निश्चित अवधिमा निशुल्क एकिकृत स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१३. **"एक वडा एक वर्थिङ सेन्टर"** स्थापना गर्ने लक्ष्य अनुरुप सबै वडाहरुमा सुविधा सम्पन्न वर्थिङ सेन्टरको स्थापना गरिनेछ । जस अन्तर्गत आधारभुत स्वास्थ्य चौकी शिवरथको वर्थिङ सेन्टर निर्माणका लागि चालु आ.व. मै टेन्डर प्रक्रिया अगाडि बढाइनेछ ।

१४. नगरपालिका भित्र बसोबास गर्ने गर्भवती महिलाहरुलाई प्रसुती जटिलता भई प्रसुती केन्द्रहरुबाट रिफर भए अनुसार सल्यान अस्पताल सम्म जानु पर्ने भएमा निशुल्क एम्बुलेन्स सेवा वा तोकिएको यातायात सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५. स्वास्थ्य सुचना ब्यवस्थापन प्रणाली र नगरको आन्तरिक सुचना व्यवस्थापनको लागी सवै स्वास्थ्य संस्थाहरुमा डिजीटल प्रणालीमा आधारित रिपोटिङ प्रणाली लागु गरिने छ ।

१६. स्वास्थयकर्मी र सेवाग्राही बीच सुमधुर सम्बन्धको सुनिश्चितता गर्दै मुस्कान सहितको सेवालाई प्रत्याभुति गर्नुको साथै स्वास्थ्यकर्मिहरुले निर्वाह गर्नु पर्ने पेशाधर्मिता (आचारसंहिता) को पालनालाई सुनिश्चित गरिने छ ।

१७. सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकास, मर्मत सम्भार तथा नगरपालिका भित्रका सवै खोप केन्द्र र गाउँघर क्लिनिक भवनहरु आवश्यकताका आधारमा थप गर्दै स्वास्थ्य सेवाको वितरणमा प्रभावकारीता ल्याइ नागरिकहरुको आधारभुत स्वास्थ्य सेवाको अधिकारलाई प्रत्याभुत गरिनेछ ।

१८. स्थानीय स्तरमा देखीने महामारी नियन्त्रणको लागि वडा स्तर देखि नगर स्तरीय RRT/CRT टिम परिचालनलाई निरन्तरता दिइनेछ ।

१९. महिनावारी स्वच्छता, परीवार नियोजन, सुरक्षित गर्भपतन लगाएत यौन तथा प्रजनन स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा विकास गरिनेछ। किशोरकिशोरीमैत्री स्वास्थ्य सेवालाई प्रभावकारीरुपमा संचालन गर्न विभिन्न संघ संस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिने छ ।

२०. सबै नगर बासीहरूमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न "स्वच्छ नगर, स्वस्थ नगर बासी" अभियान तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

२२. नसर्ने रोग मृत्युको प्रमुख कारण बनेको, यसको नियन्त्रण ब्यक्ति र समाजको जीवनशैलीमै परिवर्तन आए पछि मात्र संभव हुने भएकोले त्यस अनुरुपको स्वास्थ्य प्रणाली विकास गर्न नसर्ने रोगहरुको उपचार तथा सचेतनालाई विद्यालय स्तरदेखि लागु गरिने छ ।

२३. मानसिक स्वास्थ्य समस्याको उपचार तथा रोकथामका लागि मनोचिकित्सक उपचार तथा परामर्श सेवालाई सुनिश्चित गर्दे स्वास्थ्य संस्थामा मनोपरामर्श इकाइको स्थापना गरिने छ । जसका लागि विभिन्न संघ संस्थाहरुसंगको सहकार्यलाइ निरन्तरता दिइने छ ।

२४. नगरपालिका भित्रका विभिन्न स्थानहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिवीर तथा स्क्रिनीङ क्याम्प संचालन गरिने छ ।

२५. वहुक्षेत्रिय पोषण तथा आपतकालीन पोषण कार्यक्रम संचालन गरिने छ ।

२६. महिला स्वास्थ्य स्वयंसेविकालाई थप प्रोत्साहित गरी परिचालनलाई निरन्तरता दिइने छ ।

२७. समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक आमा समूह, टोल विकास संस्था एवं अन्य संघ संस्था र नागरिकको परिचालन गरी सचेतना मूलक गतिविधि सञ्चालन गरिनेछ ।

२८. शिक्षण संस्थाहरूको समन्वयमा स्वास्थ्यमूलक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।

२९. निजी तथा गैरसरकारी संस्थाबाट सञ्चालित अस्पताल पोलि क्लिनिक, निदान केन्द्र औषधी पसल तथा आयुर्वेद लगायतका स्वास्थ्य संस्थाहरुको अनुमति, नवीकरण, सहजीकरण, नियमन कार्यलाई निरन्तरता दिइने छ ।

३०. दूरचिकित्सा (टेलिमेडिसिन) प्रणाली, बिद्युतिय स्वास्थ्य प्रविधी एम्–हेल्थ, ई–हेल्थ र अन्य आधुनिक प्रविधीलाई अवलम्बन गरि स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ वनाइने छ ।

३१. नगरपालिका अन्तरगत सञ्चालित सम्पूर्ण सामुदायिक स्वास्थ्य संस्थाहरूलाई आवश्यक जनशक्ति र श्रोत साधन प्रदान गरी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

३२. आयुर्वेद स्वास्थ्य सम्बन्धी नेपालको मौलिक, प्राचीन तथा आधारभूत स्वास्थ्य सेवामा समेत समावेश गरिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद स्वास्थ्य इकाई स्थापना गरिनेछ । साथै त्यसको व्यवस्थापन, औषधी, उपकरण, कर्मचारी दरबन्दी लगायत अन्य आवश्यक कार्यहरू गरिनेछ ।

३३. उत्कृष्ट स्वास्थ्य संस्था पहिचान गरी सर्वोत्कृष्ट स्वास्थ्य संस्थाहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

३४. प्राथमिक आँखा तथा कान उपचार केन्द्रको स्तर वृदि गर्न र थप सेवा संचालन गर्न, मानव संसाधन, कार्यालय व्यवस्थापन, पूर्वाधार तथा औजार उपकरणका लागि आवशयक व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

३५. स्वस्थ व्यक्ति, परिवार र समुदायको निर्माण गर्न ध्यान तथा योग शिविर सञ्चालन गरिनेछ ।

३६. यस नगरपालिका अन्तरगतका सबै विद्यालय र टोलहरुमा आत्महत्या न्युनीकरणका लागि किसोर किसोरी लक्षित मनोसामाजिक परामर्स कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. बागचौर नगरपालिका र सि.एम.सि. नेपालको साझेदारीमा सञ्चालित प्रवर्द्धन परियोजना अन्तरगत मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**खानेपानी तथा सरसफाई**

१. **शून्य फोहर (Zero waste)** प्रणाली अनुसार सरकारी नीजि साझेदारी अवधारणा मार्फत आधुनिक प्रविधि अपनाई **फोहोरमैला व्यवस्थापन कार्यक्रम** संचालन गरीनेछ ।
२. **“सबैको लागि, शुद्ध पिउने पानी”** को नीति अबलम्बन गरि कार्यान्वयनमा लगिनेछ ।
३. नगर क्षेत्रभित्र रहेका खानेपानीको मुहानहरूको दर्ता प्रक्रिया थालनी गरी प्रयोग, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
४. स्वच्छ खानेपानी : स्वस्थ जिन्दागानी लाई मूर्त रुप दिन **“एक घर एक धारा”** नीति अबलम्बन गरिनेछ ।
५. खानेपानीका मुहानहरुको संरक्षण गर्न मुहान तथा बन जंगलमा वृक्षारोपनको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
६. सबै नगरबासीहरुलाई शुद्ध, गुणस्तरीय खानेपानीमा न्यायोचित पहुँच बृद्धि गर्न संघ, प्रदेश सरकार तथा सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजना (सुस्वा) सँग समन्वय गरी ठूला खानेपानी आयोजनाहरुको निर्माण तथा विस्तार गरिनेछ ।
७. साना खानेपानी अयोजनाहरुको नियमित मर्मत सम्भारका लागि खानेपानी मर्मत सम्भार कोष स्थापना गरिनेछ ।
८. प्रत्येक टोलहरुमा आमा समुह, युवा क्लबहरुलाई सरसफाइ लगायतका कार्यमा सहभागी बनाई आ-आफ्नो टोलमा मासिक रुपमा अनुगमणको व्यवस्था मिलाईनेछ । प्रत्येक टोल, बस्ती र बजारमा फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक नीति निर्माण गरिनेछ ।
९. ठोस फोहरमैला व्यवस्थापनको लागि अस्थायी डम्पिंङ्ग साईटको उचित व्यवस्थापन तथा स्थायी डम्पिंङ्ग साइटको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
१०. फोहोरलाई बर्गिकरण र प्रशोधन गरी दिगो आयआर्जनको माध्यम बनाउन आवश्यक मापदण्ड, कार्यविधि तयार गरी निजि वा सहकारी क्षेत्रसँगको सहकार्यमा कार्य गरिनेछ ।
११. टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिलाई आफ्नो टोल आफै सफा राख्न उत्प्रेरित गरिने छ । सरसफाईमा सबै भन्दा उत्कृष्ट टोल विकास वा बजार व्यवस्थापन समितिलाई पुरस्कृत गरिने छ ।

**<u>लैंगिक समानता, सामाजिक समावेशीकरण तथा समाज कल्याण</u>**

१. नगरपालिकाको लैङगीक तथा सामाजिक समावेशीकरण निति निर्माण गरी कार्यान्वयन गरिनेछ । साथै यी नितीहरुको प्रभावकारी रुपमा कार्यान्वयन भएको सुनिश्चित गर्न अनुगमन सयन्त्र वनाइने छ ।

२. फरक क्षमता भएका व्यक्तिहरु तथा जेष्ठ नागरिकको लागी दिइने परिचयपत्र वितरण कार्यलाई प्रभावकारी कार्यन्वयन गरिनेछ । फरक क्षमता भएका व्यक्तिहरूको डाटा सङ्कलन तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

३. जेष्ठ नागरिक, असहाय, अपांग तथा अशक्त व्यक्तिहरुको सम्मान तथा सुरक्षाको लागि आवश्यक नीतिहरु ल्याईनेछ ।

४. लैंगिक हिंशा, घरेलु हिंशा, बालशोषण बिरुद्धका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन र यस्ता प्रकारका हिंशा बिरुद्धका अभियानहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५. बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, घाइते अपाङ्गता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. बालमैत्री स्थानीय शासन प्रवर्द्धन एवं दिगोपनकालागि कार्यक्रमहरु दिइने छ ।

७. फरक क्षमता भएका बालबालिकाहरुलाई लक्षित गरि कार्यक्रम संचालन गर्न विभिन्न संघ संस्थाहरु तथा दातृ निकायहरुसंगको समन्वय र सहकार्यलाई निरन्तरता दिइने छ ।

८. अपाङ्गता भएका ब्यक्तिहरुले प्रयोग गर्ने सहायक सामाग्री वितरण गरी पहुँचयुक्त अपांगमैत्री बातावरण सृजना गरीनेछ ।

९. सडक बालबालिका, बालश्रम र बालविबाह आदि जस्ता सामाजिक कुरुतीहरु विरुद्धका अभियानहरुलाई वस्तीस्तरसम्म पुर्याइनेछ ।

१०. दलित तथा अल्प सङ्ख्यक समुदायहरूको परम्परागत सीप क्षमताको संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. सबै प्रकारका जातीय भेदभाव तथा छुवाछुत विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता प्रकारका विभेद गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याइनेछ ।

१२. मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरूको सीप तथा व्यावसायिकता विकास गरिनेछ ।

१३. बागचौर नगरपालिकाको बजेट प्रणालीलाई लैगिक उत्तरदायी बनाइनेछ । नगरपालिकाको योजना तथा सेवाप्रवाहलाई लैगिक मैत्री तथा समावेशी वनाउनका लागि हरेक वर्ष लैगिक समानता तथा समाजिक समावेशिकरण परिक्षण गरिनेछ ।

१४.फरक क्षमता भएका व्यक्तिहरु लाइ आफ्नो अधिकार प्रति सजक र सबै किसिमका दुर्व्यवहार अन्त्य गर्न सचेतनामुलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

१५. ज्येष्ठ नागरिकहरूलाई सम्मान जनक व्यवहार गर्ने संस्कारको विकास गरिनेछ ।

१६. बागचौर नगरपालिकाका सबै वडाहरुमा जेष्ठ नागरिक मिलन केन्द्र भवन निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।

१७. ८४ वर्ष माथिका ज्येष्ठ नागरिकलाई वरिष्ठ ज्येष्ठ नागरिकका रुपमा र १ सय वर्ष पुरा गरेका ज्येष्ठ नागरिकलाई अतिविशिष्ट ज्येष्ठ नागरिकका रुपमा सम्मान गर्दै थप सहुलियतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. बालबालिकाहरूको क्षमता विकासको लागि बाल अधिकार सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१९. वाल विवाह न्यूनीकरण गर्न विद्यालय स्तरदेखि वडा टोल स्तरसम्म जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२०.छोरीको बैङ्क खाता कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।

२१. असहाय, अनाथ, वेवारीसे बालबालिकाहरुको संरक्षण तथा विषेश सुरक्षा प्रदान गर्न संघ, प्रदेश र गैर सरकारी क्षेत्र समेतको सहभागिता, समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

२२. दलित, जनजाति, अल्पसंख्यक र पछाडि पारिएका वर्गहरुका लागि समावेशी सहभागिता तथा आयआर्जनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि क्षमता तथा सिप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**पूर्वाधार विकास**

**सडक, पुल, यातायात**

१. बागचौर नगरपालिकाको क्षेत्राधिकार अन्तर्गत रहेका सडकहरुको मर्मत सम्भार तथा स्तर उन्नति योजना तयार गरि मर्मत तथा स्तर उन्नति कार्यलाई प्रभावकारी बनाइनेछ ।
२. सडकको क्षेत्राधिकार अतिक्रमण गरि निर्माण गरेका संरचणाहरु हटाउने नीतिलाई अबलम्बन गरिनेछ ।
३. १२ वटै वडा बाट नगर कार्यालय जोड्ने प्रमुख सडकहरु बाह्रै महिना चल्ने गरी स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. बागचौर नगरपालिकाको गौरबको आयोजनाको रुमपमा रहेको खरिबोट टाट्के बाँफुखोला सडकको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई निर्धारित समयमा नै सम्पन्न गर्नका लागि पहल गरिनेछ ।
५. नगरपालिकाको सडक निर्माण, विस्तार र मर्मत सम्भारका लागि नगरपालिकाकै डोजर र टिप्परको अधिकतम प्रयोग गरिनेछ ।
६. मिलनडाँडा सेताभिर सडकको स्तरोन्नती गरिनेछ ।
७. बागचौर नगरपालिका भित्रका मुख्य सडकहरु संघीय र प्रदेश सरकार सँगको समन्वयमा कालोपत्रे गर्न पहल गरिनेछ ।
८. नयाँ सडक विस्तारको क्रममा स्थानीय पानीको श्रोत, वन जङ्गल, प्राकृतिक श्रोत तथा धार्मिक क्षेत्रमा प्रतिकुल असर नहुने गरी विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
९. बागचौरको गौरबको आयोजनाको रुपमा रहेको सहिद रिङ रोडको मर्मत तथा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ ।
१०. वडाभित्रका सडकहरूको मर्मत सम्भार गर्ने कार्य सम्बन्धित वडाबाटै गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
११. बागचौर नगरपालिका भित्रका प्रमुख सडकहरु खरिबोट वडाचौर हिमचौर सडक, टाट्के परिलेख सडक, रारेचौर सेताढाँर सडक खण्डमा आवागमनलाई बाह्रै महिना सुचारु गर्न संघ तथा प्रदेश सरकारको सहकार्यमा मोटरेबल पुल निर्माण गरिनेछ ।
१२. सम्भाव्यता अध्ययन (डिपिआर) सम्पन्न भएका सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई अगाडी बढाइनेछ । साथै अन्य सडक आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्यलाई अगाडी बढाइनेछ ।
१३. सडक संजाल व्यवस्थित र दिगो बनाउन **पालिका स्तर सडक गुरुयोजनाको** निर्माण गरिनेछ ।

**<u>विद्युतिकरण</u>**

१. विद्युतको पहुँच नपुगेका टोल तथा बस्तीहरुमा विद्युत विस्तारको कार्यलाई निरन्तरता दिइने छ ।

२. बजार क्षेत्रहरुमा रात्रीकालीन समयमा पनि फ्लड लाईट (धेरै उज्यालो हुने वत्ती) जडान गरिने छ ।

३. मुख्य बजार क्षेत्रहरुमा सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

४. लामो समयदेखि मिटर जडान गरेका तर विद्युत नपुगेका क्षेत्र तथा विद्युत विस्तारको अधुरा आयोजना क्षेत्रहरुमा नेपाल विद्युत प्राधिकरणको सहकार्यमा यथाशिघ्र विद्युत विस्तारका लागि पहल गरिनेछ ।

**<u>भवन, आवास तथा शहरी विकास</u>**

१. नगरपालिकाको प्रशासनिक भवनको पहिलो, दोश्रो र तेस्रो तला थपलाई छिटो छरितो रुपमा सम्मन्न गरिनेछ ।

२. विद्यालय भवन अभाव भएको विद्यालयहरुमा प्राथामिकता अनुसार विद्यालय भवनहरु निर्माणलाई निरन्तरता दिइनेछ

३. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई आगामी आवमा सम्पन्न गरिनेछ

४. सरकारी सार्बजनिक जग्गाको संरक्षणका लागि यस पालिकाभित्रका जग्गाको डिजिटल अभिलेख तयार गरिनेछ ।

५. नगर क्षेत्रभित्र निर्माण हुने नयाँ घरहरुको अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै नक्सा पास नगरी निर्माण भएका घर तथा गोदामहरुलाई करको दायरामा ल्याउन अभिलेखिकरण कार्यलाई निरन्तरता दिइने छ ।

६. स्वास्थ्य भवनहरु नभएका वडाहरुमा क्रमिक रुपमा स्वास्थ्य भवनहरु निर्माणलाई निरन्तरता दिइने छ ।

७. निजि क्षेत्र संग समन्वय र सहकार्य गरि सार्वजनिक स्थल तथा बजार क्षेत्रमा अपांगमैत्री सार्वजनिक शौचालयको निर्माण गरिने छ ।

८. भूमी बर्गिकरणलाई थप व्यवस्थित गर्दै यस पालिकाको भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

९. भवन निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित तथा भूकम्प प्रतिरोधात्मक बनाउन भवन निर्माण संहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१०. संघ र प्रदेस सरकारको सहकार्यमा बाढी पहिरो तथा आगलागी बाट पूर्ण रुपमा क्षति भएका घरहरुको पुनर्निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११. बजार क्षेत्रभित्र ढल निकास विद्युत विस्तार खानेपानी विस्तार लगायतका कार्यहरु गर्दा एकिकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ

१२. नगरपालिका भित्रका मुख्य मुख्य बजार क्षेत्रमा खानेपानी व्यवस्थापन, सार्वजनिक शौचालय तथा यात्रु प्रतिक्षालय जस्ता संरचनाहरुको निर्माणलाई विस्तार गरिने छ ।

१३. बजार विस्तार सँगै उपयुक्त सडक, सडकपेटि, ढल निकास तथा नाली र सार्वजनिक स्थलहरूको व्यवस्थापन गर्दै लगिनेछ ।

१४. बजार क्षेत्रमा रहेका पसलहरूको सामान उक्त पसल रहेका घरको सडक, सडक पेटी र सटर वा ढोका बाहिर जथाभाबी राख्ने कार्यलाई पूर्ण रुपमा बन्देज गरिनेछ ।

१५. नगरपालिकाभित्र रहेका विपदका हिसावले जोखिमयुक्त क्षेत्र पहिचान गरी वस्तीहरु स्थानान्तरण गर्नका लागि सम्भाव्यता अध्ययन गरीनेछ ।

१६. स्थानिय स्तरमा रहेका वास्तविक सुकुम्बासीको पहिचान एवम व्यावस्थापन गरि गैरसुकुम्बासीबाट अतिक्रमण गरिएको सार्वजानिक जग्गा फिर्ता गराइने छ ।

१७. आगामी आ.ब.मा जग्गाविहिन भूमिहिन सुकुम्बासीहरुलाई भूमी समस्या समाधान आयोगसँगको सहकार्यमा लालपूर्जा वितरण गरिनेछ ।

१८. भूमि करलाई वैज्ञानिक र प्रभावकारी बनाउनुका साथै राजश्व वृद्धिमा टेवा पुर्‍याउने कार्यक्रम ल्याइनेछ ।

१९. नगरपालिकाको शहरीकरणलाई मध्येजनर गरी विभिन्न स्थानमा खुला क्षेत्रहरुको स्थापना गरिने छ ।

**सिचाई**

१. पानी भण्डारण क्षमता बृद्धि गरी पानीका स्रोत संरक्षण गर्दै खेतीयोग्य जमिनमा सिचाई सुबिधा बिस्तार गरिनेछ ।

२. पहाडी क्षेत्रमा आकाशेपानी संकलन गरी सिचाई पोखरी तथा रिचार्ज पोखरी निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

३. परम्परागत पोखरीहरुको संरक्षण तथा विस्तार गरिनेछ ।

४. नगर क्षेत्रभित्रका पुराना सिँचाई कुलोहरु मर्मत सम्भार तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. सम्भाव्यता र दिगोपनाको अध्ययन गरी भूमिगत सिचाई प्रणालीलाई व्यवस्थित र विस्तार गरिनेछ ।

६. सिँचाई डिभिजन र सिँचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरूसँग समन्वय र साझेदारीमा ठुला योजनाहरू कुलो, नहर बनाउने कार्यलाई प्राथमिकता दिइने छ ।

७. कृषि योग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सेवा पुर्‍याउन साना सिँचाई आयोजना सञ्चालन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

१. बाढी, पहिरो, हावाहुरी चट्याङ, महामारी, आगलागी लगायतका विपद्हरुबाट सृजना हुने सक्ने जोखिम लाई न्युनीकरण गर्न राहत तथा उद्दार प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. सार्वजनिक एवम् निजी सामुदायिक स्थानहरुमा फोहर कसिंगर आगो लगाउन निरुत्साहित गरिने छ । वन जंगलमा लाग्ने आगो नियन्त्रणका लागि अग्नीपथ निर्माण लगाएत आगलागि नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

३. सामुदायिक वन र अन्य स्थानीय वनमा डढेलो नियन्त्रणका लागि नियमितरुपमा वनको सफाई गर्ने, सार्वजनिक बाटो, वनपथ निर्माण गर्ने र आवश्यकता अनुसार कृत्रिम जलाशय तथा पानीपोखरी निर्माण गरिनेछ ।

४. स्थानीयस्तरमा जलवायु परिवर्तनको असर र प्रभावलाई न्युनीकरण र अनुकुलन गर्नका लागि जलवायु परिवर्तन प्रतिकार्य योजनालाई कार्यान्वयनमा लगिने छ ।

५. नगरपालिकामा खडा गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।

६. जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, स्थानीय समुदायलाई विपद् पूर्व तयारी, विपद् प्रतिकार्य, राहत वितरण सम्बन्धी तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. सामुदायिक वन उपभोक्ता समूह लगायतका समुदायमा आधारित वन व्यवस्थापन समुह, निजी तथा पारिवारीक निजी वन दर्ता, सञ्चालन र व्यवस्थापन सम्बन्धि आवश्यक कार्य गरिनेछ ।

८. 'एक सामुदायिक वन, एक वन उद्यम' रणनीति अनुसार हरेक सामुदायिक वन उपभोक्ता समूहमा वन उद्यम विकास कार्ययोजना बनाई लघु, साना तथा मझौला प्रकारका वन उद्यमको विकास गरी हरित रोजगारी प्रवर्द्धन गरिनेछ ।

९. पालिकाभित्रको जैविक विविधताको तथ्यांक संकलन गरी जैविक विविधताको दर्ता र अद्यावधिक कार्यलाई प्राथमिकता दिइनेछ ।

१०. वन पैदावारको संकलन, ओसारपसार र विक्री वितरण प्रकृयालाई सरल र पारदर्शी वनाइने छ ।

११. बिपद पूर्ब तयारी खोज तथा उद्धार, राहत सामग्रीको पूर्ब भण्डारण, बितरण र समन्वयलाई प्रभाबकारी बनाईनेछ ।

१२. विपद तथा जोखिममा परेका महिला, वालवालिका, अपाङग तथा अशक्त जेष्ठ नागरिकलाई खोज तथा उद्धार, राहत सामग्रीको वितरणमा प्रथमिकता दिईने छ ।

१३. विपदबाट प्रभावित भौतिक सार्वजनिक संरचनाहरुको प्रबलिकरण गरिनेछ ।

१४. बनलाई नागरिकको जीवन तथा समृद्धिसँग जोडन बाँझो, खालि, ऐलानि, पर्ती जमिनमा फलफुल, घाँसेबालि, पुष्प लगायतका खेति गरि कृषि वन विकास गर्न कार्यक्रम संचालन गरिनेछ ।

## संस्थागत विकास तथा सुशासन

१. सार्वजनिक सेवालाई शिघ्र, पारदर्शी, सेवाग्राही मैत्री तथा नतिजामूलक बनाई सार्वजनिक सेवामा सबैको समान र सहज पहुँच सुनिश्चित गरिनेछ । नगरपालिकाका सबै कर्मचारीको कार्यविवरण बनाई लागु गरिनेछ । सबै कर्मचारीसँग कार्यसम्पादन करार गरिनेछ र यसलाई कार्यसम्पादन मुल्यांकनको आधार बनाइनेछ ।

२. नगरपालिका तथा वडा कार्यालयहरु सञ्चालनका लागि आबश्यक जनशक्ती, स्रोतसाधनको उपलब्धतालाई निरन्तरता दिइनेछ ।

३. सबै वडामा टोल विकास संस्था गठन गर्ने कार्यलाई अगाडी बढाइने छ । सबै टोल विकास संस्थालाई विकासको सहयात्रीको रुपमा विकास गरिने छ ।

४. टोल विकास संस्थाहरुको वडा तथा नगर स्तरीय संजाल निर्माण गरी नगरको विकासमा परिचालन गरिनेछ ।

५. नागरिकको सरकार प्रतिको चासो चिन्ता र गुनासोहरुलाई यथासिघ्र सम्बोधन गर्न गुनासो सुनुवाई संयन्त्र निर्माण गरिने छ ।

६. नगरपालिकाको शान्ति सुरक्षा, फोहोरमैला व्यवस्थापन, राजश्व परिचालन लगाएतका कार्यका लागि नगर प्रहरी सेवाको स्थापना तथा संचालन गरिनेछ ।

७. सुसूचित जनता अभियान अन्तर्तगत **सार्वजनिक सुनुवाई कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।

८. अन्तराष्ट्रिय तथा राष्ट्रिय शहरहरुसँग भागिनी सम्बन्ध विस्तार गरि नयाँ प्रविधि, सोच, नवीन सिकाइहरु, विकासका मोडल तथा अभ्यासहरुमा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. विकासका नविनतम अभ्यासहरुको अध्ययन अवलोकन गरी तीनीहरुको स्थानीयकरण गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको लागी स्वदेश तथा बैदेशिक भम्रणको व्यवस्था गरिनेछ ।

१०. विकास आयोजनाहरुको प्रभावकारी कार्यान्वयन तथा नागरिक सन्तुष्टिका लागि वडा वडामा गइ योजना सम्झौता गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

११. शिक्षक तथा कर्मचारीहरुको पेशागत सुरक्षाको सुनिश्चितता गर्दै कार्य दक्षता अभिवृद्धि गर्न जिम्मेवारी बमोजिमको तालिम प्रदान गर्ने, प्रविधिमैत्रि बनाउने र कार्य सम्पादनका आधारमा पुरस्कार तथा दण्ड सजायको ब्यवस्थालाई निरन्तरता दिइने छ ।

१२. स्थानीय स्तरबाटै नागरिकले छिटो छरितो सेवा प्राप्त गर्न सकुन भन्ने उद्देश्यले बागचौर नगरपालिकामा मालपोत तथा नापी कार्यालय स्थापना गर्न संघीय सरकारसँग सहकार्य गरिने छ ।

१३. बागचौर नगरपालिकाको सेवा प्रवाहलाई नागरिकमुखी र नतिजामुखी बनाउन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरिने छ ।

१४. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम, अध्ययन तथा अवलोकन भ्रमणका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

१५. उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, कृषक, उपभोक्ता समिति, सञ्चारकर्मीलाई पुरस्कृत गरिने नीति लिइनेछ ।

१६. कार्यालयको सेवा प्रवाहलाई छिटो छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाउन पेपर लेस सरकारको आवधारणाको नीति अवलम्बन गरिने छ ।

१७. सेवाग्राहीलाई आफूले चाहेको सेवा लिन अनलाइन प्रणाली बाटै आवेदन दिई सेवा प्रवाहलाई अटोमेसनमा लिइने नीति अवलम्बन गरिने छ ।

१८. नगरपालिकाको समग्र अर्थतन्त्रको अवस्था सुधार गर्नको लागि **आर्थिक सर्वेक्षण** गरिनेछ ।

**<u>सूचना तथा सञ्चार प्रविधि</u>**

१. बागचौर नगरपालिका भित्रका घरपरिवारको तथ्याङ्क QR System मार्फत राख्ने व्यवस्था मिलाइनेछ ।

२. डिजिटल बागचौर निर्माणको रणनिति लिइनेछ । उक्त कार्यको लागि उपयुक्त कार्यविधि बनाई आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

३. बढ्दो सूचना प्रविधिको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाग्राहिलाई घरैबाट सेवा लिन सकिने नीति लिइनेछ । जसको लागि आवश्यक पर्ने विभिन्न प्रकारका सफ्टवेयर तथा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

४. नगरक्षेत्र भित्र सञ्चार सेवाको गुणस्तर बढाउन सूचना प्रविधि इकाई मार्फत नियमित रूपमा अनुगमन तथा नियमन गरिनेछ ।

५. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक इन्टरनेट सुविधालाई मजबुत बनाउँदै लगिनेछ ।

६. स्थानीय पत्रिका, राष्ट्रिय पत्रिका, एफ.एम.रेडियो, मासिक बुलेटिन, अनलाईन खबर र टेलिभिजनहरूमार्फत नगरका गतिविधिहरू आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ ।

७. तथ्याङ्क सुरक्षा तथा साइबर सुरक्षा को व्यवस्था मिलाइ कार्यान्वयन गरिनेछ ।

८. बागचौर नगरपालिकामा सञ्चालनमा आएको स्मार्टपालिकालाई थप प्रभावकारी बनाइनेछ ।

९. सामाजिक सञ्जालको दुरुपयोगलाई निरुत्साहित गरिनेछ ।

१०. कार्यालयबाट प्रवाह हुने सम्पुर्ण सेवा प्रवाहलाई अनलाईन प्रणालीमा व्यवस्थापन गरिनेछ ।

११. बिभिन्न नीति, योजना तथा कार्यक्रम आदिको निर्माण तथा विश्लेषणको लागि आवश्यक तथ्यांक संकलन, गणना तथा सर्वेक्षणको कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१२. सबै शाखा र वडाहरुका विचमा समन्वयकारी भूमिका निर्वाह गरिनेछ । साथै शाखा र वडाहरुवाट भएका प्रगतिलाई चौमासिक तथा वार्षिक रुपमा प्रकाशन गरिनेछ भने पालिका तथा वडावाट भएका राम्रा अभ्यास एवम् सिकाइहरुको दस्तावेजीकरण गरिनेछ ।

१३. नगरपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट, सामाजिक संजाल, पत्रकार सम्मेलन, चौमासिक समिक्षा, सार्वजनिक सुनुवाई, रेडियो तथा टेलिभिजन कार्यक्रम आदिमार्फत जानकारी गराइनेछ ।

१४. सूचना लिने–दिने कुरालाई अधिकार र कर्तब्यका रुपमा स्थापित गरि व्यक्ति, संस्था तथा निकाय आदिको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. पालिकावाट प्रवाह हुने सेवा, वस्तु र सुविधाहरुमा सरोकारवाला नागरिकहरुको पहुँच वृद्धि गरि पालिकालाई अझ बढि जवाफदेही र उत्तरदायी वनाउन तथा आम नागरिक र स्थानीय सरकारका विचमा दोहोरो सम्वाद स्थापित गर्न स्थानीय रेडियो सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. सबै वडा र नगरपालिका क्षेत्र भित्र ईन्टरनेटको सेवालाई प्रभावकारी वनाइनेछ ।

**<u>यान्त्रिक व्यवस्थापन</u>**

१. निर्माणमा खटिने यान्त्रीक साधनहरुको चुस्त ब्यवस्थापन गरी आबश्यक बिकास निर्माणका काममा यन्त्रको पहुँच पुर्‍याउने कार्यलाई निरन्तरता दिइनेछ ।

२. विकास निर्माणका कार्यमा नगरपालिकाका यान्त्रीक साधनहरुलाई पहिलो प्राथमिकता दिइने छ ।

३. आवश्यकता पहिचान गरि सवारी साधनहरु खरिद गर्ने वा भाडामा लिइ सेवा प्रवाहको कार्यलाइ सहज र प्रभावकारी वनाइने छ ।

४. सबै यान्त्रिक साधनको पारदर्शी प्रयोग र व्यवस्थापनमा जोड दिंदै जिपिएस् प्रणाली जडान गरिनेछ । सबै सवारी साधनहरुको लगबुकअनिवार्य रुपमा तयार गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

५. नयाँ, पुराना सबै यान्त्रिक साधनहरुलाई आबश्यक मर्मत सम्भार गरी पूर्ण तयारी अबस्थामा राखिनेछ ।

**आर्थिक प्रशासन**

१. वडा कार्यालय मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानीका लागि आवश्यक समन्वय कायम गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२. आर्थिक अनुशासनलाई सुदृढ बनाई सुशासनको आयामलाई प्रभावकारी बनाउन वडा कार्यालयहरुबाट गरिनुपर्ने मासिक प्रतिवेदनलाई निरन्तरता दिईनेछ । साथै योजना हस्तान्तरणको विवरण प्राप्त नभै योजनाको भुक्तानी नगरिने नीति अवलम्बन गरिने छ ।

३. आर्थिक वर्षको अन्त्यमा बढि मात्रामा भुक्तानी हुने कार्यलाई निरुत्साहित गर्दै भुक्तानी प्रक्रिया सन्तुलित बनाउने नीति अबलम्बन गरिनेछ । हरेक चौमासिकमा २५ % भन्दा बढि भुक्तानी गर्ने मध्येका उत्कृष्ट वडालाई पुरस्कृत गरिनेछ ।

४. कार्यालयको अभिलेख व्यवस्थापनमा सुधार र सूचना प्रविधिको प्रयोगमा विस्तार गरी संस्थागत क्षमताको अभिवृद्धि गरिने छ ।

५. लेखा प्रणालीलाइ स्थानीय सरकार मैत्री वनाउन आवश्यक कार्यविधि र नियमहरु वनाइ कार्यपालिकामा पेश गरि स्वीकृत भए अनुसार कार्यान्वयन गरिनेछ ।

६. नगरपालिकाबाट हुने सम्पुर्ण आर्थिक कारोबारलाई पूर्णरुपमा विद्युतिय भुक्तानी प्रणालीमा आबद्द गरिनेछ ।

**कानूनी मामिला तथा न्यायिक समिति**

१. नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निश्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वस्नीय बनाइनेछ ।

२. कानुनले तोकेको समय भित्र न्यायिक समितिबाट कार्यसम्पादन गरिनेछ ।

३. सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र संचालन गरि मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानुनी ब्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

४. न्यायिक समिति र मेलमिलाप कर्ताहरूलाई क्रियाशील र दक्ष बनाउन तालिम सञ्चालन गरिनेछ ।

५. सबै वडाहरुका महिलाहरुलाई कानूनी परामर्श सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरपालीबाट हुने न्यायिक कामकारबाहिलाई प्रविधिसंग जोडि विद्धमान मिसिलहरुलाई डिजिटलाइज गरिने छ साथै निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिने छ ।

७. न्यायीक समिति र न्यायीक प्रशासनलाई सुदृढ, उत्तरदायी, जवाफदेही र प्रभावकारी बनाइनेछ ।

८. न्याय सम्पादनको अभिलेख र प्रतिवेदन व्यवस्थित गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण**

१. सामाजिक सुरक्षा तथा पञ्जिकरण प्रणालीलाई अनलाईन प्रणालीमा व्यवस्थित गर्न तथा सबै वडाका सचिवहरुलाई पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्बन्धि सचेनामुलक अभिमुखीकरण गर्दै क्षमता अभिबृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण तथा आधुनीकीरण गर्न सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट वितरण गर्ने प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

३. वडा स्तरमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. पञ्जिकरण शाखामा कार्यरत कर्मचारीहरको लागि नियम अनुसारको तलव सुविधमा साझेदारी गरिनेछ ।

५. घटना दर्तासँग सम्बन्धित कर्मचारीहरु तथा जनप्रतिनिधीहरुलाई क्षमता विकास तालिम संचालन गरिने छ ।

**राजस्व परिचालन नीति**

१. कर प्रणालीलाई प्रगतिशिल बनाई बढी हुनेले बढी र कम हुनेले कम कर तिर्ने प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

२. करको दरलाई सामान्यता बृद्धि नगर्ने र करको दायरालाई थप फराकिलो पार्न विभिन्न उपाय अवलम्वन गरिनेछ ।

३. नागरिकको समय तथा आवश्यकतालाई ध्यानमा राखी कर भुक्तानी अनलाइनबाट गर्न सकिने व्यवस्था मिलाइने छ ।

४. व्यवसायको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायहीहरुलाई कर तिर्न प्रोत्साहन गर्न विविध कार्यक्रम सहित कर जागरण अभियान संचालन गरिनेछ ।

५. करहरुलाई पारदर्शी र प्रभावकारी वनाउन आवश्यकता अनुसार कार्यविधि तथा निर्देशिका वनाई व्यवस्थित गरिनेछ ।

६. कर छली र चुहावटलाई नियन्त्रण गर्दै लिइनेछ ।

७. नगर क्षेत्र भित्र परम्परागत रूपमा उपभोग गर्दै आएका राजस्वको दायरा बाहिर रहेका ऐलानी पर्ती जग्गाहरू छुट्ट्याई सो क्षेत्रभित्र रहेका घर, टहरा सञ्चालन तथा निर्माण सम्बन्धी ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याउने कार्यलाई निरन्तरता दिइने छ ।

८. कानून बमोजिम तिर्नु पर्ने कर नतिरेका फर्म तथा व्यवसायीलाई सो फर्म तथा व्यवसायसँग सम्बन्धित कुनै पनि कार्यमा सहभागी नगराउने नीति लिइनेछ ।

९. घर दैलोबाटै कर उठाउन राजस्व परिचालन कार्यदल गठन गरिनेछ । कार्यदललाई उत्प्रेरणात्मक व्यवस्था कायम गर्न थप मौद्रिक प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ ।

१०. सबैभन्दा बढी कर बुझाउने व्यक्ति वा संस्थालाई सम्मान स्वरूप उत्कृष्ट करदाताको रुपमा सम्मान गरिनेछ ।

११. आगामी आर्थिक वर्षमा बढाइने तथा छुट दिइने करको दरहरू आर्थिक ऐनको अनुसूचीहरूमा उल्लेख गरिनेछ ।

१२. राजस्व प्रशासनलाई थप प्रभावकारी बनाइनेछ ।

**आन्तरिक व्यवस्थापन तथा खरिद**

१. खरिद गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. संघिय सरकार, प्रदेश सरकार, संघ संस्था वा व्यक्ति बाट प्राप्त भै नगरपालिकाको स्वामित्वमा रहेका भवन, जग्गा, उद्यान बसपार्क आदि संरचना एवम् सम्पत्तिको यर्थात अभिलेख तयार गरी सम्पति व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइने छ ।

३. आर्थिक बर्षको सुरु दुइ महिना भित्र नगरपालिकामा बर्षभरका लागि आवश्यक फर्निचर, फिक्चर्स, मेशीनरी औजार र अन्य कार्यालय सामाग्रीहरुको आवश्यकता पहिचान गरी चौमासिक र बार्षिक खरिद योजना तयार गरी सोहि अनुसार खरिद प्रक्रियाको कार्यलाइ अगाडि बढाइने र खरिद कार्य दरभाउ पत्र र वोलपत्र मार्फत गरीने नीतिलाई निरन्तरता दिइनेछ ।

४. नगरभित्र रहेका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था, बिद्यालय लगाएत नगरपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण संघसंस्थाको भौतिक सम्पत्तीको अबस्था र जिन्सी निरिक्षण गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

**नगर सभासद् ज्यूहरु,**

बागचौर नगरबासीको विकास र सम्बृद्दीका चाहाना नै हाम्रो पनि चाहाना रहेको छ । नगरपालिकाको आर्थिक सामाजिक सांस्कृतिक लगाएत भौतिक पूर्वाधारको विकासलाई प्राथमिकतामा राखी कार्य गर्नु नै हाम्रा लागि आगामी बर्षहरुको मूल कार्यभार रहने छ । यसका साथै जनताको जीउधनको सुरक्षा गरी गुणस्तरीय सेवा प्रवाहका माध्यमबाट जनताको जीवनस्तरलाई उकास्नु पनि हाम्रो दायित्व हो । सुशासन सुदृढिकरण गरी जवाफदेही र जनउत्तरदायी स्थानीय सरकार निर्माण गर्ने जुन प्रयास हामीले गरेका छौं त्यसलाई आगामी दिनमा थप व्यवस्थित र सुदृढ गर्ने दायित्व पनि हामीमाझ नै छ । समग्र बागचौर नगरपालिकाको विकासको आकांक्षा पूरा गर्न विगतका बर्षहरु जस्तै आगामी बर्षमा पनि हामीले हाम्रो निष्ठा, समर्पण र त्यागलाई निरन्तरता दिनेछौं ।

अन्तमा यस बागचौर नगरपालिकाको आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमाका क्रममा सहयोग गर्नुहुने नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, कर्मचारी मित्रहरू, प्रस्तुत  नीति तथा कार्यक्रममा महत्त्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने नगर सभाका सदस्यज्यूहरू,बागचौरको विकासमा साझेदारी र सहयोग गर्ने संघ तथा प्रदेश सरकार, विकास साझेदार संघसंस्थाहरु, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, पत्रकार तथा आमसञ्चार क्षेत्र तथा नगरवासी दाजुभाई, दिदीवहिनीहरुमा प्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु । साथै यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा विगतमा झै सबैको सहयोगको अपेक्षा पनि गर्दछु ।

धन्यवाद् ।

जनकराज गौतम
नगर प्रमुख
बागचौर नगरपालिका